## प्रेस विज्ञप्ति

## तेस्रो कनेक्ट (इन) उद्यम कनक्लेभ तथा India@75 आइडियाथन

काठमाडौंस्थित भारतीय राजदूतावासले क्लक-बि बिजनेस इनोभेसनसँग साझेदारी गर्दै यही २०७८ माघ २२ गते काठमाडौंमा International Entrepreneurship Conclave – Connect [IN] को तेस्रो संस्करण आयोजना गर्दैछ। यो सम्मेलन “आजादीका अमृत महोत्सव” अन्तर्गत भारतको स्वतन्त्रताको ७५ वर्ष मनाउन हेतु वर्षभरी नै मनाइन लागेको उत्सवको एक हिस्सा हो जस अन्तर्गत पहिलोचोटी India@75 आइडियाथन नामक कार्यक्रम २०७८ माघ १३ देखि माघ १५ सम्म आयोजना हुन लागेको छ।

२. यसका अघिल्ला दुई संस्करणहरुमा Connect [IN] ले नेपाल र भारतका युवा उद्यमीहरु, लगानीकर्ताहरु, उद्यम पूँजीपतिहरु र विज्ञहरुलाई विचारदेखि व्यापार मोडेलसम्म, समस्यादेखि समाधानसम्म र व्यापारदेखि लगानीसम्म विविध विषयहरुमा एक अर्काबाट सिक्न र एक अर्कासँग जोडिन महत्वपूर्ण मञ्च प्रदान गरेको थियो। अघिल्लो दुई संस्करणको सफलतालाई निरन्तरता दिदै भारत र नेपालका स्टार्टअप इकोसिस्टमहरु बीचको बढ्दो सम्बन्धलाई थप सुदृढ गर्ने यस तेस्रो संस्करणको मुख्य लक्ष्य हो।

३. यस वर्ष, पहिलो पटक, Connect [IN] को एक हिस्साको रुपमा भारतीय राजदूतावासले माघ १३ देखि माघ १५ सम्म India@75 आइडियाथन नामक कार्यक्रमको पनि आयोजना गर्दैछ। हाम्रो दैनिक जीवनलाई प्रभावित पार्ने तथा दुवै देशका नीति निर्माणमा अर्थ राख्ने चार महत्वपूर्ण क्षेत्रका जल्दाबल्दा चुनौतीहरुविरुद्ध प्रविधिमैत्री समाधानहरु खोज्न नेपालका

युवा मस्तिष्कलाई त्यसमा संलग्न गराउने आइडियाथनको उद्देश्य रहेको छ। यी चार क्षेत्रहरु यस प्रकारका छन् :

१. अन्तरदेशीय वाणिज्य

२. कृषि बजार

३. शहरी विकास

४. सुशासन

४. काठमाडौंका विश्वविद्यालय तथा कलेजमा अध्ययनरत विज्ञान, इन्जिनियरिङ, व्यवस्थापन र मानविकी संकायका विद्यार्थीहरु India@75 आइडियाथनका सहभागीका रुपमा रहनेछन् । यस तीन दिने ‘आइडियाथन’ मा सहभागीहरुले आ-आफ्नो टोली बनाई विभिन्न विषयमा विचार मन्थन गर्ने, एक आपसमा सहकार्य गरी फिल्डवर्कमा सहभागी हुने र माथि उल्लिखित चारवटा विषयमा पहिचान गरिएका समस्याहरुको समाधान आ-आफ्नो हिसाबले प्रस्तुत गर्नेछन् । प्रबुद्ध व्यक्तिहरुको एक निर्णायक मण्डलले २०७८ माघ १५ गते विजेता टोली चयन गरी अवार्ड घोषणा गर्नेछ ।

५. Connect [IN] Conclave का लागि दाङ, सर्लाही र सुनसरी जिल्लाका विद्यालय लगायत नेपालका विभिन्न स्थानमा ‘प्रि-इभेन्ट एक्टिभेसन क्याम्प’ को संचालन गरिएको थियो । युवाहरुलाई यस कन्क्लेभ तथा आइडियाथनमा सक्रियताका साथ सहभागी हुन प्रेरित गर्दै

दूतावासका नियोग उप-प्रमुख श्रीमती नामग्य खम्पाले दिनुभएको भिडियो सन्देश https://www.youtube.com/watch?v=3JonjDJxQu0&t=9s मा गई हेर्न सकिनेछ ।

६. दूतावासले Connect [IN] Conclave र India@75 आइडियाथनमा नेपालका युवा उद्यमी, उद्यम पूँजीपति, इनोभेटर, विद्यार्थी तथा सञ्चारकर्मीहरुको उत्साहजनक सहभागीताको अपेक्षा गरेको छ ।

७. यी कार्यक्रमहरु नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड अनुरुप आयोजना गरिनेछ ।

२०७८ पौष २७